# पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा,युवा तथा खेलकुद शाखा
पथरी,मोरङ

१ नं प्रदेश,नेपाल

प.सं. ०७८/०७९
च.नं. ५८३

(छाप: पथरी शनिश्चरे नगर कार्यपालिकाको कार्यालय, पथरी, मोरङ, प्रदेश नं.-१, नेपाल)

मिति :२०७८/०५/२५

विषय : विद्यालय सञ्चालन सम्बन्धमा ।

श्री सबै सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरु
पथरी शनिश्चरे नगरपालिका, मोरङ ।

प्रस्तुत विषय सम्बन्धमा पथरी शनिश्चरे नगरपालिका नगर शिक्षा समितिको मिति २०७८/०५/२५ गतेको वैठकको निर्णयानुसार विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ को प्रकोपका कारण प्रत्यक्ष रुपमा सञ्चालन नभएका विद्यालयहरु सञ्चालन गर्ने सम्बन्धमा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी गरेका "वैकल्पिक प्रणालीबाट सिकाई सहजीकरण निर्देशिक,२०७७" तथा "विद्यार्थी सिकाई सहजीकरण निर्देशिका,२०७७" को परिधिमा रहेर विद्यार्थी संख्या तथा उपलब्ध भौतिक पूर्वाधार समेत हेरी नेपाल सरकारले तोकेका स्वास्थ्यका न्यूनतम मापदण्डहरु अनिवार्य रुपमा पालना गरी विद्यालय सेवाक्षेत्रका सरोकारवाला पक्षहरु विच आवश्यक छलफल गरी अर्को सूचना भएपछिमात्र सामुदायिक विद्यालयमा दिवाखाजा कार्यक्रम सञ्चालन गर्ने गरी विद्यालयले देहाय अनुसारका विकल्पहरु मध्ये उपयुक्त विकल्प सहितको कार्यढाँचा निर्माण गरी मिति २०७८/०६/०१ गतेबाट विद्यालय सञ्चालन गर्नु/गराउनु हुन अनुरोध छ ।

तपसिल :

१. अलग अलग समय (सिफ्ट) मा अलग अलग कक्षा वा तह सञ्चालन गर्ने ।
२. जोर विजोर दिनमा जोर विजोर कक्षा सिकाइ सहजीकरण गर्ने ।
३. भौतिक दुरी कायम गरी सबै कक्षा र विद्यर्थीलाई एकै समयमा सिकाई सहजीकरण गर्ने ।
४. कक्षाका केही विद्यार्थी कुनै दिन वा (सिफ्ट) र बाँकि विद्यार्थी अर्को दिन वा (सिफ्ट) मा सञ्चालन हुन गरी आलोपालो कक्षा सञ्चालन गर्ने ।
५. जोखिमको अवस्था अनुसार हप्ताको केहि दिन वा केही घण्टा कक्षा सञ्चालन गर्ने ।
६. जोखिमको अवस्थालाई मध्यनजर गरी विद्यालय खुल्ने तथा कक्षा सञ्चालनको अवधि/घण्टी छोटयाउन सक्ने ।
७. जोखिम र सहजतालाई हेरी विद्यालयहरुले कक्षा शुरु गर्ने ।

०७८/०५/२५
...........................
शालिग्राम काफ्ले
उपसचिव

(छाप: शालिग्राम काफ्ले उपसचिव)



Scanned with CamScanner